# राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कार कार्यविधि, २०७३

भाषा एवं साहित्य, संस्कृति, नाट्य संङ्गीत तथा ललितकला विधामा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा नेपालको छवी उच्च पार्ने प्रतिभावान् व्यक्तिहरूलाई नेपाल सरकारको तर्फबाट सम्मान गर्न राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कार स्थापना गरी प्रदान गर्ने व्यवस्था गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस कार्यविधिको नाम "राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कार कार्यविधि, २०७३ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-

(क) "कार्यविधि" भन्नाले राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कार कार्यविधि, २०७३ सम्झनु पर्छ ।

(ख) "पुरस्कार" भन्नाले राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कार तथा क्षेत्रीय प्रतिभा पुरस्कार सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

**३. पुरस्कारको वर्गीकरण**ः (१) भाषा एंव साहित्य, संस्कृति, संगीत एवं नाट्य तथा ललितकला गरी चारवटा मूल विधा कायम गरी प्रत्येक मूल विधामा एक-एकजना गरी चार जना प्रतिभावान व्यक्तिलाई राष्ट्रिय प्रतिभा पुरस्कार र पाँचवटै विकास क्षेत्रबाट प्रत्येक विधामा एक-एकजना गरी बीस जना प्रतिभावान व्यक्तिलाई क्षेत्रीय प्रतिभा पुरस्कारबाट सम्मान गरिनेछ । प्रतिभा पुरस्कारका लागि तोकिएको चारवटा मूल विधा र क्षेत्र देहाय बमोजिम हुनेछन् :-

| | **मूल विधा** | **क्षेत्र** |
|---|---|---|
| (क) | संस्कृति | संस्कृति, इतिहास, पुरातत्व, समाजशास्त्र,मानवशास्त्र,लोकवार्ता |
| (ख) | नाट्य संगीत | नाट्य, संगीत, नृत्य |
| (ग) | ललितकला | चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला |
| (घ) | भाषा एवं साहित्य | राष्ट्रभाषाहरूको अध्ययन अनुसन्धान र तिनमा लेखिएका काव्य कविता, आख्यान, निबन्ध, नाटक, समालोचना |

(२) उपदफा (१) बमोजिमका विधासम्बन्धी विस्तृत विवरण अनुसूची-१ बमोजिम हुनेछ ।

४. **प्रतिभा छनौटका आधार तथा विधिहरू:** (१) राष्ट्रिय प्रतिभा पुरस्कार प्राप्त गर्ने व्यक्तिले कम्तीमा पच्चिस वर्ष र क्षेत्रीय प्रतिभा पुरस्कार प्राप्त गर्ने व्यक्तिले कम्तीमा पन्ध्र वर्ष अनवरत रुपमा सम्बन्धित मूल विधाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको हुनुपर्नेछ । तर कुनै विधामा उदाहरणीय एवं अतुलनीय कार्य गरी राष्ट्रको गौरवलाई समुन्नत तुल्याउने कार्य गरेको व्यक्तिलाई सम्बन्धित मूल विधाको प्रतिभा छनौट समितिले पुष्ट्याइँका साथ छनौटका लागि सिफारिस गर्न सक्नेछ ।

(२) राष्ट्रिय प्रतिभा पुरस्कार तथा क्षेत्रीय प्रतिभा पुरस्कारको राशी क्रमशः एकलाख रुपैयाँ र पचास हजार रुपैयाँ कायम गरिएको छ ।

(३) पुरस्कारका लागि छनौट भएका प्रतिभालाई ताम्रपत्र समेतबाट सम्मान गरिनेछ ।

(४) स्रष्टाहरुले पुरस्कारको दावी गर्न चाहेको विधाको कृति वा कला वा योगदानको उत्कृष्टता देखिने विवरणहरू मन्त्रालय वा मन्त्रालयले तोकेको स्थानमा तोकिएको समयसीमा भित्र पेश गर्नुपर्नेछ ।

(५) पुरस्कार प्राप्त प्रतिभाहरूको व्यक्तिगत विवरण मन्त्रालय वा सम्बद्ध प्रतिष्ठानहरूबाट प्रकाशित हुने पुस्तिकामा समावेश गरिनेछ ।

(६) प्रतिभाहरूको छनौट गर्दा नेपालका विभिन्न भागमा बसेर आफ्नो साधना र मौलिक सिर्जनाको माध्यमबाट स्थानीय, क्षेत्रीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरसम्म योगदान पुऱ्याएका र ओझेलमा परेका प्रतिभालाई प्रोत्साहन हुने गरी प्रतिभा छनौट गरिनेछ । प्रतिभाहरूको छनौट गर्दा समाबेशीताका साथै पिछडिएको क्षेत्र, समुदाय, वर्ग आदिलाई प्राथमिकता दिइनेछ । प्रतिभाहरूको छनौट देहाय वमोजिमको आधारमा गरिनेछः-

(क) प्रतिभाहरूबाट व्यक्तिगत विवरणपत्र प्राप्त गर्नका लागि मन्त्रालयले राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कार सम्बन्धी तीस दिने सार्वजनिक सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिका मार्फत आव्हान गरिनेछ र सो सूचना मन्त्रालयको वेभसाइट र सूचना पार्टीमा समेत राखिनेछ । राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कारको लागि फारामको ढाँचा कार्यविधीको अनुसूची २ बमोजिम हुनेछ ।

(ख). स्रष्टाहरुले पुरस्कार दावी गर्न चाहेको विधा स्पष्टसँग खुलाई तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण सहित मन्त्रालयको संस्कृति महाशाखा वा अन्य तोकिएको निकायमा विवरण पेश गर्नुपर्नेछ ।

(ग) रीतपूर्वक दर्ता भएका भाषा, साहित्य, संस्कृति, नाट्य, संङ्गीत, ललितकलासँग सम्बन्धित संस्थाहरूले आ-आफ्नो विधामा उपयुक्त लागेको श्रष्टाहरूलाई राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कार प्रदान गरिदिनको लागि सिफारिस गर्न सक्नेछन् । यस्तो सिफारिसमा सिफारिस गरिएका स्रष्टाको पूर्ण विवरण र प्रकाशित कृति तथा सामग्रीको सूची समावेश हुनुपर्छ ।

(घ) यसरी प्राप्त हुन आएका आवेदनहरूलाई मन्त्रालयको संस्कृति महाशाखामा संकलन गरी व्यवस्थित रुपमा अभिलेख राखी सम्बन्धित विधाको प्रतिभा छनौट समितिमा पेश गर्ने व्यवस्था मिलाइनेछ ।

ङ) सम्बन्धित मूल विधाको प्रतिभा छनौट समितिले प्राप्त विवरणमा उल्लेखित विवरण, सूचना र अन्य उपयुक्त जानकारी समेतको आधारमा मूल्यांकन गरी पुरस्कार प्रदान गर्नका लागि मूल समितिमा पेश गर्नेछ । सम्बन्धित उप-समितिहरुबाट पुरस्कारका लागि छनौट भै सिफारिस गरिएका प्रतिभाहरुको लागि छनौट मूल समितिले पुरस्कृत गर्ने अन्तिम निर्णय गर्नेछ । यसरी निर्णय लिँदा मूल समितिले आवश्यक ठानेमा सम्बन्धित समितिहरूसँग थप जानकारी लिन सक्नेछ ।

(च) राष्ट्रिय तथा क्षेत्रीय पुरस्कारका लागि सार्वजनिक सूचना आव्हान गर्दा मन्त्रालयमा विवरण पेश नगरेका तर सम्बन्धित क्षेत्रमा महत्वपूर्ण, विशिष्ट र अतुलनीय योगदान दिएका प्रतिभाहरूलाई योगदानका आधारमा राष्ट्रिय एवं क्षेत्रीय प्रतिभा पुरस्कार दिने निर्णय गर्न सकिनेछ ।

(छ) मूल्याङ्कन विधी कार्यविधिको परिधीभित्र रही प्रतिभा छनौट समिति तथा मूल समितिले आफैले तयार गर्नेछ ।

(ज) क्षेत्रीय प्रतिभा पुरस्कारबाट पुरस्कृत हुने प्रतिभा छनौट गर्दा सम्बन्धित भौगोलिक क्षेत्रमा विशेष योगदान पुऱ्याएको तथा सम्बन्धित विधामा लामो समय योगदान गरेको स्रस्टाहरुलाई प्राथमिकता दिईने छ ।

(झ) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सभाका सदस्य र परिषदका पदाधिकारीहरुले पदमा रहेसम्म पुरस्कारका लागि आवेदन गर्न पाउने छैन ।

**५ प्रतिभा छनौट समितिः** राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कारको मूल्यांकनको लागि मन्त्रालयले देहायबमोजिमका समितिहरु गठन गर्नेछः-

(१). **भाषा एवं साहित्य विधा प्रतिभा छनौट समिति :**

| | | |
|---|---|---|
| (क) | नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति | संयोजक |
| (ख) | सम्बन्धित मूल विधाका १ जना विज्ञ | सदस्य |
| (ग) | मन्त्रालयको संस्कृति महाशाखाका प्रमुख | सदस्य-सचिव |

(२) **संस्कृति विधा प्रतिभा छनौट समिति**

| | | |
|---|---|---|
| (क) | नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति | संयोजक |
| (ख) | सम्बन्धित मूल विधाका १ जना विज्ञ | सदस्य |
| (ग) | मन्त्रालयको संस्कृति महाशाखाका प्रमुख | सदस्य-सचिव |

(३) . **संङ्गीत तथा नाट्य विधा प्रतिभा छनौट समिति**

| | | |
|---|---|---|
| (क) | नेपाल संङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कूलपति | संयोजक |
| (ख) | सम्बन्धित मूल विधाका १ जना विज्ञ | सदस्य |
| (ग) | मन्त्रालयको संस्कृति महाशाखाका प्रमुख | सदस्य-सचिव |

(४). **ललितकला विधा प्रतिभा छनौट समिति :**

| | | |
|---|---|---|
| (क) | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कूलपति | संयोजक |
| (ख) | सम्बन्धित मूल विधाका १ जना विज्ञ | सदस्य |
| (ग) | मन्त्रालयको संस्कृति महाशाखाका प्रमुख | सदस्य-सचिव |

६.. **<u>प्रतिभा छनौट मूल समिति</u>** <u>गठनः</u> (१) प्रतिभा पुरस्कार प्रदान गर्ने सम्बन्धमा अन्तिम निर्णय गर्न देहाय बमोजिमको निर्णायक समिति रहनेछः-

(क) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री /राज्यमन्त्री संयोजक

(ख) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपतिहरु सदस्य

(ग) मन्त्रालयको सचिव सदस्य

(घ) मन्त्रालयको संस्कृति महाशाखाका प्रमुख सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा सम्बन्धित क्षेत्रका विज्ञ, मन्त्रालयका पदाधिकारी तथा विधागत मुल्यांकन समितिका सदस्यहरु मध्ये केही वा सवै लाई आमन्त्रण गर्न सकिनेछ ।

**<u>स्पष्टीकरण</u>** : यस कार्यविधिको दफा ५ र ६ को प्रयोजनका लागि “विज्ञ” भन्नाले सम्बन्धित विधामा कम्तीमा पच्चिस वर्ष योगदान पुऱ्याएको व्यक्ति संझनु पर्नेछ ।

७. **<u>मापदण्डको आधारमा निर्णय गर्ने</u>**ः सम्बन्धित मूल विधा अन्तर्गत गठित प्रतिभा छनौट समितिहरूले अनुसूची-२ बमोजिमको फाराममा उल्लिखित मापदण्डहरूको आधारमा गरेको सिफारिसलाई आधार मानी निर्णायक समितिले पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूको अन्तिम चयन गर्नेछ ।

८. **<u>खारेजी</u>**ः राष्ट्रिय प्रतिभा पुरस्कार कार्यविधि, २०७२ खारेज गरिएको छ ।

# अनुसूची - १

## (क) संस्कृति

### १. संस्कृति :

बहुभाषिक, बहुसांस्कृतिक, धर्म निरपेक्ष संस्कृति भएको यस मुलुकको कुनै पनि जातजातिका संस्कृतिमा नयाँ नयाँ पक्षहरू, यसको संगमस्थल, भौगोलिक र वातावरणीय कारणहरू नयाँ आयाम ज्ञानको वृद्धि, पुरानोमा सर्वमान्य नयाँ ढंगको प्रस्तुतिकरण, नेपाल र नेपाली संस्कृतिलाई स्वदेश वा विदेशमा प्रचार प्रसार गरी राष्ट्रको हित गरेको, धर्म संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउदै आएको, मूर्त वा अमूर्त संस्कृति र धरोहरहरूको संरक्षणमा मौलिक प्रविधि वा सिद्धान्त खोजी गरी नेपाल वा विश्व समक्ष प्रस्तुत गरेको वा गर्न प्रयासरत वा अनुसन्धान, संरक्षण र प्रकाशनको प्रचार प्रसार गर्ने व्यक्ति ।

### २. पुरातत्व :

पुरातत्वको क्षेत्रमा खोज, अनुसन्धान, अन्वेषण गरी नयाँ नयाँ योगदान दिने, सम्पदा र प्रमाणहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने, तिनीहरूको व्याख्या गर्ने, पुरातात्विक स्थलहरू पत्ता लगाउने र त्यसलाई देश तथा विदेशमा प्रचार प्रसार गरी राष्ट्रको श्रीवृद्धिमा लागेका देशमा पुरातात्विक स्थलहरूको विस्तृत विवरण दिन खोज्ने वा सो कार्यमा महत्वपूर्ण योगदान दिंदै भावी सन्ततिलाई बाटो पहिल्याई दिने व्यक्ति वा संस्था ।

### ३. इतिहास :

इतिहासमा महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरू जसले अप्रकाशित अभिलेख, दस्तावेज आदिमा प्रकाशन गर्ने र सो आधारमा नेपालको इतिहाँसमा नयाँ नयाँ आयामहरूको बारे जानकारी गराउने, पत्ता लगाउने, प्रकाशित गर्ने र प्रकाशित अभिलेख एवं दस्तावेजहरूको सम्बन्धित क्षेत्रका विद्वाहरूलाई चित्त बुझ्दो मान्य व्याख्या प्रस्तुत गर्ने र सो सम्बन्धमा महत्वपूर्ण योगदान दिने व्यक्ति वा संस्था ।

**४. समाजशास्त्र/मानवशास्त्र :**

समाजशास्त्र र मानवशास्त्रका क्षेत्रमा महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरू जसले नेपाली समाजमा नयाँ नयाँ आयामहरूको बारे जानकारी गराउने, पत्ता लगाउने, प्रकाशित गर्ने र प्रकाशित अभिलेख एवं दस्तावेजहरूको सम्बन्धित क्षेत्रका विद्वाहरूलाई चित्त बुझ्दो मान्य व्याख्या प्रस्तुत गर्ने र सो सम्बन्धमा महत्वपूर्ण योगदान दिने व्यक्ति वा संस्था ।

## (ख) . सङ्गीत र नाट्य :

**१.नाट्यकला :**

नाटक, हास्यव्यङ्गय, मूकनाटक, गायन, वाद्यवादन, अभिनय आदि विधामा उत्कृष्टता हासिल गरेका अभिनेता, अभिनेत्री, रङ्गकर्मी, नाटक निर्देशन गरेको व्यक्ति वा संस्था ।

**१.नृत्यकला :**

नृत्य, नृत्य निर्देशक एवं कोरियोग्राफर आदि क्षेत्रमा योगदान गरेको व्यक्ति वा संस्था ।

**२.संगीतकला :**

गायक, गायिका,सङ्गीत सृजना गर्ने सङ्गीतकार, वाद्यवादक क्षेत्रमा योगदान गरेको व्यक्ति वा संस्था । सङ्गीत शब्दले शास्त्रीय, परम्परागत, लोक र आधुनिक सङ्गीत, गायन, वादन लाई समेट्नेछ ।

## (ग) ललितकला :

१. **मूर्तिकला :** यस विधामा अनवरत, उत्कृष्ट एवं सह्रानीय कार्य गरी राष्ट्रको गौरव बढाउने गरी जुनसुकै माध्यम (धातु, काठ, प्लाष्टर अफ पेरिस, माटो, सिमन्ट आदि) मा कार्य गर्ने प्रतिभा सम्पन्न मूर्तिकार ।

२. **चित्रकला** : यस विधामा आधुनिक अथवा परम्परागत जुनसुकै शैलीमा अनवरत कार्य गरी राष्ट्रको गौरव बढाउने जुनसुकै माध्यम (पौभा,थांका,तेलरंग, पानीरंग, चारकोल मुद्रण चित्रण, मिश्रित माध्यम आदि) मा कार्य गर्ने प्रतिभा सम्पन्न चित्रकार ।

३. **वास्तुकला, हस्तकला, शिल्पकला, लोककला :** यस विधामा धातु ढुंगा, काँच, माटो, काठ, कपडा, कागज, छ्वाली, हाड अथवा कलाकर्मीले स्वयं खोज गरी हातबाट तयार गरिने हस्तकलाका सामाग्री आकर्षक एवं अद्वितीय ढंगबाट निर्माण गर्ने प्रतिभा सम्पन्न कलाकर्मी र नेपालको ऐतिहासिक वास्तुकलाको संरक्षण र प्रवर्द्धनमा साधनारत वास्तुकलाको क्षेत्रमा ख्यातिप्राप्त प्रतिभाहरू ।

४. **प्रतिस्थापन कला :** ललितकलाको क्षेत्रमा नयाँ नयाँ विकास र प्रस्तुति गर्ने प्रतिभा ।

५. **अन्य सृजनात्मक कला :** कला फोटोग्राफी र कला भिडियोग्राफी आदि ।

## (घ). भाषा एवं साहित्य :

१. काव्य : कविता, महाकाव्य, खण्डकाव्य, फुटकर कविता आदि ।

२. आख्यान : कथा, उपन्यास आदि ।

३. निबन्ध : आत्मपरक, वस्तुपरक, नियात्रा, संस्मरण, हास्यव्यङ्ग आदि ।

४. नाटक : पूर्णाङ्की, एकाङ्की, आदि ।

५. समालोचना ।

६. भाषिक अध्ययन अनुसन्धान ।

उल्लिखित विधामध्ये कुनै पनि विधामा अनवरत समर्पित एवं साधनारत रही सृजनात्मक मौलिकता स्थापित गरेका र त्यस्ता मौलिक प्रभावपूर्ण हृदयस्पर्शी रचनाहरूको माध्यमद्वारा स्वदेश वा विदेशमा उल्लेख्य प्रतिष्ठा प्राप्त गरेका विशिष्ट प्रतिभाशाली स्रष्टाहरू एवं प्रतिभाहरू ।

फोटो

## अनुसूची २

## राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कारको लागि विवरण फारामको ढाँचा

१. स्रस्टाको नाम, थर :.........................................

सिफारिश गर्ने संस्था वा व्यक्तिको नाम/ ठेगाना ..................

उमेर :............................

स्थायी ठेगाना ...........अञ्चल...............जिल्ला..............गा.वि.स./न.पा

सर्म्पक ठेगाना :.................. फोन/मोवाइल नं :.........................ई-मेल :....................

२. राष्ट्रिय/क्षेत्रीय पुरस्कारको मूल विधा

**राष्ट्रिय प्रतिभा पुरस्कारका** लागि (सम्बन्धित विधामा (✓) चिन्ह लगाउने)

| | | |
|---|---|---|
| क) | संस्कृति | इतिहास, संस्कृति, पुरातत्व, समाजशास्त्र/मानवशास्त्र |
| ख) | संगीत नाट्य | नाट्य, संगीत, नृत्य |
| ग) | ललितकला | चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला |
| घ) | भाषा एवं साहित्य | राष्ट्रभाषाहरुको काव्यकविता, आख्यान, निबन्ध, नाटक, समालोचना |

**क्षेत्रीय प्रतिभा पुरस्कारका** लागि (सम्बन्धित विधामा (✓) चिन्ह लगाउने)

| | | |
|---|---|---|
| क) | संस्कृति | इतिहास, संस्कृति, पुरातत्व, समाजशास्त्र/मानवशास्त्र<br>.......................................(विकास क्षेत्र) |
| ख) | संगीत तथा नाट्य | संगीत तथा नाट्य, नृत्य<br>.......................................(विकास क्षेत्र) |
| ग) | ललितकला | चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला<br>.......................................(विकास क्षेत्र) |
| घ) | साहित्य | राष्ट्रभाषाहरुको काव्यकविता, आख्यान, निबन्ध, नाटक, समालोचना<br>.......................................(विकास क्षेत्र) |

३.	सम्बन्धित प्रतिभाले सम्बन्धित विधामा दिएको योगदान :

| क.स | विवरण | योगदान | कैफियत |
|---|---|---|---|
| १ | सम्बन्धित क्षेत्रमा निरन्तरताको अवधि | | |
| २ | सम्बन्धित क्षेत्रमा राष्ट्रका लागि पुऱ्याएको योगदान (कृति प्रकाशन, कला नाटक प्रर्दशनी, अध्ययन अनुसन्धान आदि) | | |
| ३ | यस अघि प्राप्त राष्ट्रिय/अन्तर्राष्ट्रिय पुरस्कार, सम्मान आदि | | |
| ४ | शैक्षिक उपाधी | | |
| ५ | अन्य (असाधारण एवं विलक्षण प्रतिभा, विशिष्टता, व्यक्तित्व आदि) | | |

४.	माथि उल्लेख मापदण्ड एवं आधार अर्न्तगत बाहेक अन्य योगदान भए सो सम्बन्धी विवरणः.........................................................................................................

.........................................................................................................................

५.	पुरस्कारको लागि दाबी गरिएको कृति/प्रतिभा/सृजनाको मूल विशेषता :

.....................................................................................................................

६.	संलग्न कागजातहरू :.......................................................................................

क) नागरिकताको प्रमाण पत्रको फोटोकपी

नोट : अन्य केही भए छुट्टै पानामा उल्लेख गरी पेश गर्न सकिनेछ ।